राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : १६२ ॥ २०८१ श्रावण ०७ गते सोमबार (22nd Jul 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-


# काँकडभिट्टा नाका हुँदै बंगलादेशबाट फर्किए ८१३ विद्यार्थी

**लक्ष्मी उप्रेती,**

मेचीनगर । बंगलादेशमा आरक्षणबिरुद्ध भएको आन्दोलन भड्किएपछि त्यहाँ पढन गएका नेपाली विद्यार्थीहरु धमाधम स्वदेश फर्कन थालेका छन् ।

केही दिनयता काँकरभिट्टा नाका हुँदै पैदलमार्ग भएर स्वदेश फर्किने नेपाली विद्यार्थीहरुको लर्को रहेको छ । अध्यागमन कार्यालय काँकरभिट्टाका अनुसार एकसाताको अवधिमा काँकरभिट्टा नाका भएर पैदलमार्ग हुँदैं आठ सय १३ जना विद्यार्थी स्वदेश फर्किसकेका छन् ।

बंगलादेशको स्वतन्त्रता आन्दोलनमा सहभागी व्यक्तिका सन्तानलाई सरकारी सेवामा गरिएको विशेष आरक्षणको विरोधमा विश्वविद्यालय र क्याम्पसका विद्यार्थीले सुरु गरेको प्रदर्शन हिंसात्मक बनेको छ । अहिलेसम्म एक सय ३३ जनाले ज्यान गुमाइसकेको बंगलादेशस्थित अन्तर्राष्ट्रिय संचारमाध्यमले जनाएका छन् । बंगलादेशका विभिन्न भागमा भएका प्रदर्शनमा सयौं जना घाइते भएका छन् । बंगलादेश सरकारले देशभर कर्फ्यु लगाएको छ। त्यस्तै सञ्चार सेवा, इन्टरनेट विच्छेद गरिएको छ। आन्दोलन चर्किंदै गएपछि त्यहाँ रहेका नेपाली विद्यार्थीहरु हवाई र स्थलमार्ग हुँदै स्वदेश फर्कन थालेको अध्यागमन कार्यालय काँकरभिट्टाको भनाई छ ।

त्यहाँ मेडिकल शिक्षा पढ्दै आएका नेपाली विद्यार्थीहरु स्वदेश फर्किन थालेको अध्यागमन कार्यालय काँकरभिट्टाका कार्यालय प्रमुख मोहन पनेरुले जानकारी दिए । 'बिहीवार यो नाका भएर ८५ जना विद्यार्थी स्वदेश आएका थिए ' कार्यालय प्रमुख पनेरुले भने ,' त्यसपछि दैनिक यो संख्या बढ्दो छ । ' शनिवारसम्म काँकरभिट्टा नाका हुँदै पैदलमार्ग भएर पाँच सय १८ जना विद्यार्थी फर्केका थिए । आइतवार मात्र तीन सय ५ जना नेपाली विद्यार्थी स्वदेश फर्किएका छन् । त्यस्तै अध्ययनमा गएका ५६ जना नेपाली विद्यार्थी आइतवार नै हवाई मार्गबाट नेपाल फर्किएका छन् । उनीहरू विमान बंगलादेशको हवाईजहाजमार्फत काठमाडौं आएका हुन् ।



बंगलादेशमा करिव तीनहजार विद्यार्थी अध्ययनका लागि गएको अनुमान गरिएको छ । दिन प्रतिदिन आन्दोलनले उग्ररुप लिएपछि नेपाल फर्किनेको संख्या निकै रहेको बंगलादेशबाट आइतबार मध्यान्ह काँकरभिट्टा अध्यागमन कार्यालय काँकरभिट्टा आइपुगेका विद्यार्थीहरुको भनाई छ । 'अब हामी बंगलादेश कहिले फर्किने हो कुनै टुंगो छैन् 'ती विद्यार्थीहरु भन्छन् ' आन्दोलनका कारण त्यहाँ मेडिकल शिक्षा पढ्दै आएका नेपाली विद्यार्थीहरुले असुरक्षित महसुस गरिरहेका छन् ।' असुरक्षित महसुस गरेका नेपाली विद्यार्थीलाई सरकारले स्वदेश फर्काउन शुरु गरेको छ ।

बंगलादेशबाट स्वदेश फर्किन चाहने विद्यार्थीलाई परराष्ट्र मन्त्रालयले आवश्यक समन्वय गरिरहेको बताईएको छ । हालसम्म झण्डै आठसय नेपाली विद्यार्थीहरु हवाई वा स्थलमार्ग हुँदै बंगलादेशबाट नेपाल आउने क्रममा छन् । ढाकास्थित नेपाली दूतावासले विद्यार्थीहरूलाई बंगलादेशका विभिन्न स्थानहरूबाट ढाका विमानस्थललगायत अन्य सीमा नाकाहरूमा सुरक्षित यात्राको लागि समन्वय गरिरहेको छ । बंगलादेशमा अध्ययनरत विद्यार्थीको सहजताका लागि 'हेल्प डेस्क' समेत स्थापना गरिएको छ ।

## बंगलादेशको सर्वोच्च अदालतले आरक्षण प्रणालीलाई खारेज गऱ्यो

झापा(प्रस) । बंगलादेशको सर्वोच्च अदालतले सरकारी जागिरका अधिकांश आरक्षण प्रणालीलाई खारेज गरेको छ । सर्वोच्चको आदेशपछि बंगलादेशमा चर्किएको आन्दोलन मत्थर हुने अपेक्षा गरिएको छ । बंगलादेशको स्वतन्त्रता आन्दोलनमा सक्रिय व्यक्तिका छोराछोरीलाई सरकारी जागिरमा दिइएको आरक्षणको विरोधमा सुरु भएको आन्दोलनले हिंसात्मक रूप लिएको हो । तर अब अदालतले दिग्गजका आफन्तका लागि मात्र ५ प्रतिशत भूमिका आरक्षित गर्न सक्ने फैसला गरेको छ ।

'मुक्ति बाहिनी' को स्वतन्त्रता संग्रामपछि बंगलादेश सन् १९७१ मा पाकिस्तानबाट अलग भएको थियो । उक्त आरक्षण प्रणालीविरुद्ध केही दिनदेखि विश्वविद्यालयका विद्यार्थीहरूले ठाउँठाउँमा ऱ्याली गर्दै आएका थिए । सरकारले सर्वोच्चको उक्त निर्णयबारे अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन । तर कोटा कायम राख्न चाहने निवेदकका वकिलले सर्वोच्च अदालतको फैसलालाई 'ऐतिहासिक' भन्दै शान्त रहन आग्रह गरेका छन् ।

यद्यपि एक विद्यार्थी समूहका प्रवक्तालाई उद्धृत गर्दै एएफपीले विरोध प्रदर्शन जारी रहने बताएको छ। ' हामी सर्वोच्च अदालतको फैसलालाई स्वागत गर्दछौं,' भेदभाव विरुद्धको विद्यार्थीका प्रवक्ताले एएफपीलाई भनेका छन्, 'तर सरकारले हाम्रा मागहरू प्रतिबिम्बित गर्ने आदेश जारी नगरेसम्म हामी हाम्रो आन्दोलन फिर्ता लिने छैनौं।' कर्फ्यूको दोस्रो दिन पनि राजधानी ढाकाका सडकहरू सुनसान छन् । तर केही क्षेत्रमा छिटपुट झडपहरू भएका रिपोर्ट सार्वजनिक भएका छन् ।

आदेश सुनाउनुअघि सर्वोच्च अदालतको भवन बाहिर सशस्त्र गाडी तैनाथ गरिएको थियो । रोयटर्सको रिपोर्ट अनुसार बंगलादेशी सेनाका सिपाहीहरूले अझै पनि राजधानीको सडकमा गस्ती गरिरहेका छन् । केही आन्दोलनकारी नेताहरु पक्राउ परेको पनि बताइएको छ । अन्यले झडपमा मारिएकाहरूलाई न्यायको माग गरिरहेका छन्। करिब ११५ जनाको ज्यान गएको बताइएको छ तर स्थानीय सञ्चारमाध्यमले मृतकको संख्या धेरै बढी रहेको दाबी गरेका छन् । शुक्रबार मात्रै कम्तीमा ५० जनाको ज्यान गएको थियो ।सर्वोच्च अदालतले देशको स्वतन्त्रता संग्रामका वीर योद्धाका परिवारका सदस्यलाई ५ प्रतिशत छाडेर ९३ प्रतिशत सार्वजनिक क्षेत्रमा योग्यताका आधारमा भर्ना हुनुपर्ने आदेश दिएको छ । बाँकी २ प्रतिशत जातीय अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षित छ। सन् २०१८ मा प्रधानमन्त्री शेख हसिनाको सरकारले खारेज गरेको कोटा प्रणालीलाई गत महिना तल्लो अदालतले पुनर्स्थापित गरेसँगै हिंसात्मक विरोध सुरु भएको थियो ।

## शिक्षकको माया पूर्व विद्यार्थीलाई

बिर्तामोड(प्रस) । विद्यालय छाडेर गइसकेका पूर्व विद्यार्थीहरुले आफूहरुलाई पढाउने शिक्षक शिक्षिकाहरुलाई संझिने अनि सम्मान गर्ने असल संस्कार बन्दै गएको छ । विभिन्न विद्यालयहरुमा गठन भएका पूर्व विद्यार्थी समाजहरुले गुरु पूर्णिमाका अवसरमा शिक्षकहरुलाई गुरु सम्मान गरेका छन् । यसक्रममा महेन्द्ररत्न माध्यमिक विद्यालय अनारमनीमा रहेको भुतपूर्व विद्यार्थी समाजले यस वर्ष पनि गुरु पूर्णिमाका दिन पूर्व शिक्षक , पूर्व कर्मचारी , विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारी र अक्षयकोष दातालाई सम्मान गरेको छ । विद्यालय परिसरमा एक कार्यक्रमको आयोजना गरी मरणोपरान्त सम्मान गरिएको छ भने अक्षयकोषका लागि एक लाख भन्दा बढी सहयोग गर्ने कमलराज विमली+ श्रद्धा विमली र विनु पोखरेल प्रसाई+चम्पक प्रसाईलाई पनि सम्मान गरिएको छ ।

भुतपूर्व विद्यार्थी समाजले लगातार तेस्रो वर्ष गुरु सम्मान गरेको हो । यसअघि समाजले २२ जनालाई सम्मान गरिसकेको छ । भुतपूर्व विद्यार्थी समाजका अध्यक्ष राजकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष मदनगोपाल सुब्बाले गरेका थिए। कार्यक्रमको संचालन समाजकी सदस्य लीला अनमोलले गरेकी थिइन् ।

गुरु सम्मान कार्यक्रमका लागि रुपक थापाको संयोजकत्वमा



पूर्व शिक्षक , पूर्व कर्मचारी , विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारी र अक्षयकोष दाता गरी १० जनालाई सम्मान गरिएको हो । सम्मानित हुनेहरुमा विद्यालयका पूर्व शिक्षक रहेका संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीलगायत छन् । त्यस्तै पूर्व शिक्षकहरु डिल्लीमाया सिटौला , दीर्घकुमारी श्रेष्ठ , लखनलाल राजवंशी, पूर्व कर्मचारीहरु हरिप्रसाद चौधरी , विषम शिवाकोटीलाई सम्मान गरिएको छ । त्यस्तै विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षहरु स्व. काजी हरिभक्त खड्का र स्व. जय प्रतापजंग थापालाई समिति गठन गरिएको थियो । गुरु सम्मान कार्यक्रममा पूर्व विद्यार्थी रहेका राष्ट्रिय कलाकार विमल बुढाथोकीको आमा ब्यान्डको सांगीतिक प्रस्तुती रहेको थियो । पूर्व विद्यार्थी समाजद्वारा फूलवारी माविमा गुरु सम्मान

त्यस्तै बाह्रदशी- ५ स्थित फूलवारी माध्यमिक विद्यालयमा रहेको पूर्व विद्यार्थी समाजले गुरु पूर्णिमाको अवसरमा गुरु सम्मान गरेको छ। विद्यालयमा लामो समय शिक्षण कार्य गरि निवृत्त भएका र उत्तरार्ध जीवन बिताइरहेका ५ जना

❖ बाँकी अन्तिम पृष्ठमा

## बिर्तामोड नगरपालिकाको ११ करोडभन्दा बढी रकम फ्रिज



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाको आर्थिक वर्ष २०८०-०८१ मा ११ करोडभन्दा बढी रकम फ्रिज भएको छ । खर्च हुन नसकी ११ करोड ३७ लाख ८६ हजार रुपैयाँ फिर्ता भएको हो ।

पुँजीगत , चालु , वित्तीय र स्थानीय गरी समग्रमा १ अर्ब ३१ करोड ७४ लाख ५१ हजार रुपैयाँ बजेट रहेकोमा १ अर्ब २ करोड ६७ लाख ५६ हजार रुपैयाँ खर्च भएको देखिन्छ । जुन ७७.९३ प्रतिशत हो । खर्च गर्न नसकेको संघ र प्रदेश सरकारको सशर्त , समपूरक र विशेष अनुदान फिर्ता गएको नगरपालिकाका लेखा अधिकृत तेजिन्द्र तामाङ्ले बताए ।

२०८०-०८१ को खर्चलाई हेर्दा पुँजीगततर्फ ६९.४१ प्रतिशत खर्च भएको छ । पुँजीगततर्फ ६६ करोड ४ लाख ४० हजार रुपैयाँमध्ये ४५ करोड ८४ लाख २५ हजार रुपैयाँ खर्च भएको हो । त्यस्तै चालुतर्फ ६४ करोड २१ लाख ९ हजार रुपैयाँमध्ये ५५ करोड ४९ लाख २८ हजार रुपैयाँ खर्च भएको छ । जुन ८६.४२ प्रतिशत हो । त्यस्तै वितीयतर्फ १ करोड ४९ लाख १ हजार रुपैयाँमध्ये १ करोड ३४ लाख १ हजार रुपैयाँ खर्च भएको छ । जुन ८९.९३ प्रतिशत हो ।

बुट्टावारी-प्याकुरेल चोक सडकको ४ करोड ८७ लाख , सुन्दर सामुदायिक भवन अधुवा खोला पक्की पुल डीपीआरसमेतको २ कारेड ५० लाख , मातृ शिशु कार्यक्रमको ७७ लाखलगायतका योजनाको बजेट फ्रिज भएको लेखा अधिकृत तामाङ्ले बताए ।

## प्रधानमन्त्री ओलीलाई दुईतिहाई विश्वासको मत

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा दुईतिहाईको विश्वास प्राप्त गरेका छन् । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल कांग्रेससहितका दलको समर्थनमा प्रधानमन्त्री बनेका ओलीले आइतबार विश्वासको मत लिएका थिए । त्यसक्रममा प्रतिनिधिसभामा उनको पक्षमा दुईतिहाई सांसदले समर्थन गरेका हुन् ।

प्रतिनिधिसभामा उपस्थित २६३ मध्ये ओलीको पक्षमा १८८ मत परेको थियो । विपक्षमा ७४ मत पऱ्यो भने मत दिन्न भन्नेमा १ मत परेको छ । प्रतिनिधिसभामा १८४ मतले दुईतिहाई पुग्छ। ओलीले त्यसभन्दा बढी मत पाएका छन् ।



गत आइतबार प्रधानमन्त्रीमा नियुक्त भइ सोमबारबाट कार्यभार थालेका प्रधानमन्त्री ओलीले संविधानको प्रावधानअनुसार विश्वासको मत लिएका हुन् ।प्रतिनिधिसभामा ओलीको पक्षमा कांग्रेस, एमाले, जसपा, जसपा नेपाल, जनमत पार्टी, लोसपालगायतका दलको समर्थन छन् । माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी चाहिँ ओलीको विपक्षमा उभिए ।

कांग्रेस र एमालेबीच सरकार सञ्चालनका लागि गठबन्धन गर्ने

❖ बाँकी अन्तिम पृष्ठमा




# स्मृति दिवसमा वीपीको शालिकमा माल्यार्पण



भद्रपुर (प्रस) । नेपाली कांग्रेस भद्रपुर नगर समितिले ४२ औ वीपी स्मृति दिवस मनाएको छ ।

कांग्रेसले भद्रपुर १० स्थित वीपी चौकमा रहेको वीपीको पूर्णकदको शालिकमा माल्यार्पण गरेको छ । कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश समिति सभापति तथा पूर्व मुख्यमन्त्री उद्धव थापाले माल्यार्पण गरेका थिए । कार्यक्रममा बोल्दै थापाले वीपीले प्रतिपादन गरेको सिद्धान्त नयाँ पुस्ताका लागि प्रेरणाको श्रोत बनेको बताए । उनले वीपीको त्यो बेलाको साहित्यिक तथा राजनितिक दर्शनले मात्र अहिलेको राजनीतिक व्यबस्था चलेको दावी गर्दै वीपीले २०३३ सालमा भारतबाट नेपाल फर्कदा ल्याएको मेलमिलापको नीति नेपालका सबै राजनीतिक दलहरुमा लागु हुनु पर्ने बताए । थापाले वर्तमान कांग्रेस एमाले बीचको गठबन्धन देशको आवश्यकता भएको बताउँदै २०८४ सालको निर्वाचनसम्म दुवै पार्टी मिलेर जानुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाल महिला संघ झापाकी उपसभापति शर्मिला अधिकारीले नेपाली कांग्रेस पार्टीलाई कार्यकर्तामुखी पार्टी बनाइनु पर्नेमा जोड दिइन् । नगर सभापति राम कँडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत भद्रपुर १० का वडा सभापति विष्णु काफ्ले र संचालन नगर सहसचिव नन्दकुमार राजवंशीले गरेका थिए ।

# नरबहादुर प्रतिष्ठानका सञ्चालक र आन्दोलनरत पक्षबिच सहमति



बिर्तामोड(प्रस) । झापाको बिर्तामोड २ स्थित नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानका सञ्चालक र आन्दोलनरत प्रशिक्षक कर्मचारीबिच सहमति भएको छ ।

आइतबार प्रतिष्ठानका सञ्चालक र आन्दोलनरत प्रशिक्षक कर्मचारीबिच ६ बुँदे सहमति भएको हो । सहमतिपश्चात् प्रतिष्ठानमा देखिएको गतिरोध अन्त्य भएको प्रतिष्ठानका अध्यक्ष ज्योतिसिंह दर्लामीले जानकारी दिए ।

उनीहरुबिच हालसम्म प्रशिक्षक तथा कर्मचारीले असार मसान्तसम्म पाउनुपर्ने भुक्तानी साउन १६ गतेसम्म भुक्तानी दिने, प्रतिष्ठान र प्रशिक्षक कर्मचारीबिच गत जेठ ८ र २७ गते भएको सम्झौता बिनाशर्त पूर्णरुपमा कार्यान्वयन गर्ने, प्रशिक्षक तथा कर्मचारीहरुले प्रतिष्ठानको आचारसंहिताभित्र रहि नियमित रुपमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नेलगायत सहमति भएको हो । सहमतिपत्रमा प्रतिष्ठानका तर्फबाट अध्यक्ष दर्लामी र सहसचिव शिवकुमार राजभण्डारी तथा प्रशिक्षक/कर्मचारीका तर्फबाट नविनकिशोर विमली, सुधिर कुमार दास र पवनकुमार भट्टराईलगायतले हस्ताक्षर गरेका छन् । पाँच महिनादेखिको तलब नपाएपछि प्रशिक्षक र कर्मचारीहरुले प्रतिष्ठानको प्रशासनिक भवनमा साउन १ गते तालाबन्दी गरी निरन्तर आन्दोलन गर्दै आएका थिए ।

### शिक्षकका...

पूर्व शिक्षकहरुलाई सम्मान गरिएको हो । पूर्व शिक्षकहरु धनबहादुर थापा, अग्निप्रसाद विमली, जुरनप्रसाद राजवंशी, टेकबहादुर योङ्हाङ तथा अबुल कासिमलाई सम्मानपत्र, दोसल्ला र कोसेलीसहित सम्मान गरिएको थियो । पूर्व विद्यार्थी समाजका अध्यक्ष उत्तमकुमार खड्काको अध्यक्षता तथा बाह्रदशी गाउँपालिकाका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा समाजका उपाध्यक्ष जीवन धमलाले स्वागत गरेका थिए।

कार्यक्रममा गाउँपालिकाका भूतपूर्व अध्यक्षहरु दयानन्द गोश्वामी र टेकप्रसाद आचार्य , भूतपूर्व वडाध्यक्ष तथा पूर्व शिक्षक भुपेन्द्र कटुवाल, बाह्रदशी -५ का वडाध्यक्ष बिरबहादुरसिंह राजवंशी , भूतपूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् पूर्व शिक्षक परमानन्द झा, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तथा पूर्व शिक्षक टेकनारायणसिंह राजवंशी, शिक्षक अभिभावक संघका अध्यक्ष चेतराज राजवंशी, भैरव राजवंशी, सतन माझी, टंकप्रसाद कटुवाल, ओमप्रकाश गौतम, प्रधानाध्यापक डुमेश्वर साह, चेतराज आचार्यलगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाई, सम्मानित शिक्षकका तर्फबाट टेकबहादुर योङ्हाङ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष टेकनारायण सिंह राजवंशी , टंक कटुवाल , ओमप्रकाश गौतम, तुलसीराम खरेलले सम्बोधन गरेका थिए । शिक्षक हेमलता पोखरेलले कविता वाचन गरेको उक्त कार्यक्रमको सञ्चालन पूर्व विद्यार्थी समाजका सचिव शिवप्रसाद पोखरेलले गरेका थिए। भर्खरैमात्र गठन भएको उक्त समाजको बिधान निर्माण भई दर्ताको प्रक्रियामा रहेको जानकारी गराइएको थियो।


त्यस्तै भद्रपुर माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरूले गुरू पूर्णिमाको अवसर पारेर शिक्षण सेवामा जीवन समर्पण गरेका ७७ जना गुरूहरूलाई सामूहिक सम्मान गरेका छन् । २०५४ सालको एसएलसी समूहका विद्यार्थीहरूको सामूहिक प्रयासमा शिक्षणसम्बद्ध तीन पुस्तासम्मका गुरू–गुरूआमाहरूलाई सम्मान गरिएको हो ।

वि.सं २००२ सालमा स्थापना भएको भद्रपुर माविमा रहेर पढनपाठनमा जीवन समर्पण गरेका गुरू–गुरूआमाहरूलाई झण्डै ३९ वर्षपछि पुनर्मिलन गराइ गुरू सम्मान गरिएको जनाइएको छ । 'साथी सुखमा पनि दुःखमा पनि' नामक संस्थामार्फत भद्रपुरका १० वटा विद्यालयबाट दिवङ्गत गुरूका प्रतिनिधिसहित ७७ जना गुरूहरूको सहभागिता थियो । छरिएर रहेका सेवानिवृत्त शिक्षकहरूले सो कार्यक्रमको माध्यमबाट सहकर्मी साथीहरूसंग भेट गर्ने अवसर समेत पाएका थिए ।

# सर्पले डसेर बालिकाको मृत्यु

झापा(प्रस) । आइतवार दिउँसो मोरङको बेलबारीमा सर्पले डसेर एक बालिकाको मृत्यु भएको छ । दिउँसो १.१० बजे बेलबारी नगरपालिका-४ स्थित लिम्बू चोक बस्ने सन्तोष कार्कीकी १० वर्षीया छोरी भूमिकालाई आफ्नै घरको कोठाभित्र कपडा पट्याउने क्रममा अचानक गोमन सर्पले डसेको थियो । गम्भीर घाईते भई उपचारको लागि कोशी अस्पताल बिराटनगर लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# नेपाल पाकिस्तानसँग ९ विकेटले पराजित




झापा(प्रस) । श्रीलंकामा जारी एसीसी महिला एसिया कप २०२४ अन्तर्गत समूह चरणको आइतवारको खेलमा नेपाल पाकिस्तानसँग ९ विकेटले पराजित भएको छ। जितका लागि १०९ को लक्ष्य पाएको पाकिस्तानले ११.५ ओभरमा एक विकेट गुमाउँदै ११० रन बनायो।

पाकिस्तानका लागि ओपनर गुल फिरोजाले ३५ बलमा ५७ रन, मुनिबा अलीले ३४ बलमा ४६ रन र टुवा हसन २ बलमा १ रन बनाए । पाकिस्तानको यो पहिलो जित हो। यसअघि भारतसँग भएको खेलमा पाकिस्तान ७ विकेटले पराजित भएको थियो।

श्रीलंकाको 'दाम्बुल्ला इन्टरनेशनल स्टेडियम'मा भएको खेलमा पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ओभरमा ६ विकेट गुमाएर १०८ रन बनाएको थियो। नेपालका लागि कविता जोशीले २३ बलमा ३१ रन जोडिन्

पूजा महतोले ३२ बलमा २५, सिता राना मगर ३० बलमा २६, रुविना क्षेत्री १४ बलमा ८ रन, इन्दु बर्मा २ बलमा शून्य, कविता कुँवर १३ बलमा १३ रन, सम्झना खड्का ५ बलमा ४ रन बनाए। प्रतियोगिताको पहिलो खेलमा नेपालले युएईलाई ६ विकेटले पराजित गरेको थियो।

### प्रधानमन्त्री...

सहमति असार १७ मा भएसँगै ओलीको चौथो कार्यकालका लागि प्रधानमन्त्री बन्ने आधार तयार भएको थियो ।ओली २०७२ असोज २४ मा पहिलो पटक प्रधानमन्त्री भएका थिए । उनको पहिलो कार्यकाल ९ महिनाको थियो । २०७३ साउन ९ मा राजीनामा दिएसँगै उनको कार्यकाल सकिएको थियो । तर, उनले अर्को सरकार गठन नहुँदा (साउन १९) सम्म प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

प्रतिनिधिसभा निर्वाचन २०७४ मा एमाले र माओवादीले चुनावी गठबन्धन गरेका थिए । उक्त निर्वाचनबाट कम्युनिस्ट गठबन्धनले प्रतिनिधिसभामा झन्डै दुईतिहाइ सिट प्राप्त गर्यो र पार्टी एकताको घोषणा गर्यो । सोही जनमतका बलमा ओली संविधानको धारा ७६ (१) बमोजिम प्रतिनिधिसभामा बहुमत प्राप्त दलको संसदीय दलको नेताको हैसियतमा २०७४ फागुन ३ मा दोस्रो पटक प्रधानमन्त्री नियुक्त भएका थिए ।






## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको चल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८१/०४/ ०७

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो३५दिने सूचना प्रकाशित गरिएको छ । **यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।** प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **८ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । **तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन** । कथम्कदाचित सो धितोबाट कर्जा अलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालो सूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। **साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।**

**तपसिल**

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| **शाखा कार्यालय:शिवगंञ्ज** | | | |
| १ | **ऋणी/धितो जमानीकर्ता:** प्राइभेट फर्म राजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य बिभाग अर्न्तगत घरेलु तथा सना उद्योग कार्यालय, भद्रपुर झापामा मिति २०७२/११/०६ मा प्रा.फ.र.नं. ५७३/८५०५ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. १ स्थित **श्री स्वर्ण लक्ष्मी ज्वेलर्सका** तर्फबाट ऐ. फर्मका प्रोप्राईटर मानबिर लाम्गादेको नाती, बिर्ख बहादुर लाम्गादेको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६ स्थाई ठेगाना भई हाल सोहि स्थानमा बस्ने, मिति २०६६/०४/०८ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ०४१०३३/९४६ भएको वर्ष ३२ को **दिपेश लाम्गादे ।**<br>**व्यक्तिगत जमानीकर्ता :**<br>नाम : **ममता विश्वकर्मा लाम्गादे**<br>बाबु : **टेक बहादुर विश्वकर्मा**<br>पति : **दिपेश लाम्गादे**<br>ना.प्र.नं :- ०४-०२-७५-०१८५४(झापा)<br>ठेगाना :झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं ६ बस्ने । | **चलुपुजी कर्जा, व्यक्तिगत ओ.डि. कर्जा**<br><br>**डिमान्ड कर्जा र व्यवसायिक आवधीक कर्जा** | दिपेश लाम्गादेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंञ गा.वि.स. वडा नं. १ स्थित कि.नं.१२१५ को क्षेत्रफल ०-०-१०(९९८.९६ ब.फी. को घर समेत) साथै भूमिसुधार तथा मालपोत कार्यालय भद्रपूर, झापामा दर्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ५८५६,५८५५ र ५८५७ को क्षेत्रफल क्रमश: ०-२-०, ०-१-० र ०-४-१० (बि.क.धु) र भूमिसुधार तथा मालपोत कार्यालय भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वाड नं. ९ स्थित कि.नं. १२२ र १२६ को क्षेत्रफल क्रमश: १४७०.५५ र २३६५.५५ (ब.मि.) भएको जग्गा र सो उल्लेखित घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**शर्तहरु:-**

१) बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फाटोकपी गरिएको फारम मान्य हुने छैन ।

२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ।

३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

५) बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक(Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ।

७) बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बूझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ।

८) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

९) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।

१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिन्छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अर्थतन्त्र चलायमान बनाऊ

देश चरम आर्थिक मन्दीबाट गुज्रिरहेको छ । नवगठित सरकारको मुख्य चुनौती अर्थतन्त्रलाई चलायमान बनाउनु हो । साथै, मुलुकलाई समृद्धिको दिशामा अझै केही कदम अगाडि बढाउनु पनि । आर्थिक शिथिलताले नै मुलुकमा बेरोजगारी बढेको छ, मुलुकप्रति नै युवा विकर्षण र विदेशतिर आकर्षण भएको छ । राज्य स्वयंले राजस्व संकलनमा असफलता पाइरहेको छ । प्रमुख रूपमा यी समस्या समाधान गर्दै राजनीतिक स्थिरता हुन सके पक्कै पनि आशा पलाउँछ, पलायन आर्थिक पुँजीको पनि रोकिन्छ र मानवीय पुँजीको पनि । सरकार स्वयं विकास खर्च गर्न असमर्थ हुँदा हो, अर्थतन्त्र झन् मुर्झाएको छ । कागजी रूपमा खर्च बढाउने प्रयत्न हरेकजसो सरकारले गर्न खोजे पनि धरातलमा त्यसले तात्विक असर गरेन ।

अर्थतन्त्र जोगाउने नाममा आयात कसिलो गर्दा विदेशी मु□ाको सञ्चिति बढेको छ । त्यसको असर भन्सार राजस्वमा परिहाल्यो । रेमिटेन्स प्रवाह र शोधनान्तर बचत अनि विदेशी मु□ाको सञ्चितिले बाह्य अर्थतन्त्र मजबुद राखेको छ तर सूक्ष्म अर्थतन्त्र पनि थिलोथिलो । न सरकारले पैसा खर्च गर्न सक्ने न बैंकहरूमा थुप्रिएको बचतको ऋण प्रवाह हुने ? अनि होस् अर्थतन्त्र चलायमान कसरी ? त्यसमाथि सरकार अर्थतन्त्रका मुद्दा सम्बोधनका लागि कुनै नीति कदम चाल्न असमर्थ नै रह्यो । अरू त अरू निर्माण व्यवसायीसँग पनि सरकार उधारोमा छ । बजारमा पुँजी प्रवाह हुन पाएको छैन । हाम्रा सरकारहरूले हरेक वर्ष बजेटको आकार तर बढाए तर खर्च गर्ने सामर्थ्य बढाएनन् । खर्च हुने र खर्च गरिने सकिने शीर्षकमा बजेट विनियोजन नगर्ने तर सस्तो लोकप्रियताका लागि अनेक शीर्षकमा छुट्याउने गर्दा पनि खर्चमा कमजोरी देखिन्छ । त्यसमाथि पुँजीगत खर्च नहुनुमा एउटामात्रै कारण छैन । नियम, कानुनका छि□ र कमजोरी अनेक छन्, आयोजना निर्माणमा वन र त्यससँग सम्बन्धित ऐनकानुनका काँडा छन् । यस्ता अनेकानेक अल्झन र तगारा विस्तारै पन्छाउँदै जान सक्दामात्रै सरकार खर्च गर्न समर्थ बन्छ । होइन भने खर्च गर्छौं भन्ने भाषणबाट मात्रै पुँजीगत खर्च हुन सक्दैन, कुराले चिउरा भिज्दैन, सरकारको भनाइले मात्रै पुँजीगत खर्च वृद्धि हुँदैन । अर्थतन्त्र उकासिन्न । व्याप्त र विकराल बन्दै गएको आर्थिक तथा त्यसबाट उत्पन्न सामाजिक समस्या हल हुँदैनन् । त्यसकारण अर्थतन्त्रलाई सुधार्न सरकारले पहल गरोस् ।

Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि लगइन गर्नुहोस्

www.pratidindaily.com

# सरकारले गर्नैपर्ने मसिना काम



रामनारायण विडारी

समसामयिक कुरा गर्दा कहिले प्रशंसा हुन्छ त कहिले गाली पाइन्छ । ज्येष्ठ नागरिकले अन्तिम घडीमा स्याहार पाएनन्, सम्पत्तिविहीन भएर दुःख पाए, नयाँ पुस्ताले पैतृक सम्पत्ति देखेर अंश पाउने निश्चित भएको कारण इलम गर्न छोडे भन्ने तर्क खुब आउँछ । नेपालको परम्परा बाबुआमाको सम्पत्तिमा छोराछोरीको अंश हक लाग्ने छ । यसै अनुरूप कानुन पनि बनेको छ । अदालतले पनि अंशलाई जन्मसिद्ध अधिकार भनेर व्याख्या गरेको छ । अझ अहिलेको कानुनले त विवाहित छोरीलाई पनि अंश दिने व्यवस्था गरेको छ । पहिला विवाहित छोरीलाई अंश दिन पर्दैनथ्यो । अझ त्यसभन्दा अगाडि त छोरीलाई ३५ वर्षसम्म विवाह नगरी बसेकालाई मात्र अंश दिनुपर्ने कानुनी व्यवस्था थियो । अझै त्यसभन्दा अगाडि त छोरीलाई अंश दिने व्यवस्था नै थिएन । सबै सम्पत्ति छोरालाई मात्र जन्मसिद्ध अधिकारको रूपमा थियो । एक जनाको धेरै श्रीमती भएमा श्रीमतीको बराबर अंश भाग हुने व्यवस्था थियो । अनि आमाको भागबाट छोराहरूले अंश पाउँथे । पछि लोग्ने स्वास्नी र छोराहरूको बराबर अंश लाग्ने व्यवस्था गरियो । अदालतमा भएका करिब ५० प्रतिशत मुद्दा अंशसँग साइनो गाँसिएर चलेका छन् । यही कारणले नेपालको प्रगतिमा प्रतिकूल असर परेको अर्थविद् र कानुनविद् बताउँछन् ।

संसारको धेरै मुलुकमा अंशसम्बन्धी व्यवस्था छैन । यसलाई जन्मसिद्ध अधिकारको रूपमा लिइँदैन । बाबुआमाको स्वेच्छामा भर पर्छ । उमेर पुगेका बालिक छोराछोरीले बाबुको सम्पत्तिमा दाबा नगर्ने मात्र हैन बाबुआमाको सम्पत्ति प्रयोगसमेत नगर्ने प्रचलन छ । अलग बस्ने गर्छन् । संयुक्त परिवार प्राय हुँदैन । बालिक भएपछि आफ्नो जीविका आफैँले आर्जन गरेर गर्नु पर्छ । यसका सकारात्मक र नकारात्मक दुवै पक्ष होलान् तर मुलुकको विकासमा भने यो प्रचलनमा कानुन फलदायी छ । पहिला संसार ज्यादै ठुलो मानिन्थ्यो । बाबुआमा र छोरा एकै घरमा बसेर बाबुले गरेको पेसामा छोराले सो पेसा सम्हालेर जीवन बिताउँथे ।

अहिले संसार प्रविधिको कारण सानो भएको छ । बाबुको घरमा बसेर बाबुकै पेसा गर्ने छोरा भेट्न सजिलो छैन । छोरीहरू त झन् विवाह गरेर वा नगरेर भए पनि बाबुको घरमा झन् बस्ने परिस्थिति छैन । समाज विकास भएको छ । छोराछोरीको समान हैसियत कानुनमा छ । व्यवहारमा पनि यो तीव्र गतिमा गएको छ । सबै सन्तान अन्तर्राष्ट्रिय यात्रु भएका छन् । पढेको होस् वा नहोस् विदेश जाने कुरा सामान्य र बाध्यात्मक बन्न पुगेको छ । यो परिस्थितिमा हाम्रो देवानी संहितामा अंश प्रावधान १८ वर्षपछि हटाउने गरी व्यवस्थापिका संसद्ले समितिबाट पारित गरेर संसद्मा पेस गरेकामा विभिन्न भ्रमका कारण सो संसद्मा भएको विधेयकको सो प्रावधान हटाइयो । अहिले संघीय संसद्मा ज्येष्ठ नागरिकसम्बन्धी विधेयक विचाराधीन अवस्थामा छ । यो विशेष ऐन हो । यसमा यस प्रकारका व्यवस्था राख्नु मनासिव छ । जसले ज्येष्ठ नागरिक, युवा पुस्ता र समग्र मुलुकलाई फाइदा हुन्छ ।

नेपालमा यति बेला प्राकृतिक वातावरणसम्बन्धी विषयले प्राथमिकता पाएको छ । अब कुनै पनि योजना बनाउन वातावरणको मूल्याङ्कन नगरी सुरु गर्न पाइँदैन । यसको अनुगमन विश्वका विकसित र ठुला शक्तिशाली मुलुकले गरिरहेका छन् । अविकसित, साना र कमजोर मुलुकले तीव्रताका साथ काम गरिरहेका छन् । हिमालको हिउँ पग्लिरहेको छ तीव्रताका साथ । तापक्रम बढेको छ पृथ्वीमा वेगसँग । यो नेपाल जस्ता हरियो वन ४० प्रतिशतभन्दा बढी भएको भूभाग, प्रशस्त पानी भएको देश, धेरै जमिन कृषिमा प्रयोग भएको मुलुकको कारणले होइन ।

औद्योगिक क्रान्ति भएका युरोपसहितका विकसित भनिएका देशले पृथ्वीलाई प्रदूषित गरेर हो । उनीहरूले औद्योगिक विकास गर्दा वातावरणको मूल्याङ्कन गर्नु परेन अब हामीले गर्दा गर्नु परेको छ । सन्धि, महासन्धि, अन्तर र्राष्ट्रिय कानुन बनाएका छन् । यो नेपालीका लागि होइन ती विकसित राष्ट्रका लागि बनाएको कानुन हो ।

देशमा विभिन्न राष्ट्रिय निकुञ्ज, पार्क, प्रकृति संरक्षणका योजना चालु छन् । अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाल जान्छ अनि अनेक प्रतिबद्धता गरेर आउँछ । यहाँका जनताले भोग्नु परेका बाधा हैरानी उनीहरूले वास्ता गर्दैनन् । मध्यवर्ती क्षेत्र भनेर मानव बस्तीको क्षेत्र भनेर घोषणा गरिएको छ । वन्यजन्तु र मानवको बिचमा त्यो क्षेत्र जीवन मरणको भूभाग भएको छ । मध्यवर्ती क्षेत्रमा दिनुपर्ने सुविधा, संरक्षणको कुनै व्यवस्था गरिँदैन । जनतालाई हैरानी पार्ने काम गरिएको छ । स्थानीय तहको सरकारलाई त्यहाँ प्रवेश निषेध छ । गाउँ सरकार त्यहाँ छैन । मान्छेलाई वन्यजन्तुले खान पाउँछ । त्यो मान्छेले प्रतिकार गर्न पाउँदैन । अनुसन्धान, अभियोजन र फैसला त्यहीँका कर्मचारीले गर्छन् ।

वन्यजन्तुले खेतीपाती नष्ट गर्छ तर त्यसको क्षतिपूर्ति कतैबाट पाइँदैन । मध्यवर्ती क्षेत्रमा बस्ती हटाऊँ । तिनका छोराछोरी वा सन्तानलाई अन्तर्राष्ट्रिय कानुन बनाएर अर्कै पेसामा रोजगारी दिउँ । त्यो ठाउँमा सरकारले नै विशेष खेती गरे हुन्छ । आरक्षण क्षेत्रको विस्तार नगर । भएको आरक्षण क्षेत्रलाई व्यवस्थित गरे हुन्छ । दुर्घटना भएमा उचित र पर्याप्त क्षतिपूर्ति दिउँ । यो काम विश्व समुदायबाट गराउँदा उचित हुन्छ । जसलाई पर्यावरणको खाँचो परेको छ । वन चाहिएको छ । वन्यजन्तु चाहिएको छ । तिनले परियोजना बनाएर जनताको सुरक्षा र संरक्षण हुने गरी लगानी गर्नु उचित हुन्छ ।

वातावरण नेपालमा ठिक छ, बिग्रेको युरोपसहितका विकसित देशमा हो । उनीहरूका कारण हामीले दुःख पाउनु भएन । हाम्रो वातावरण पनि बिस्तारै प्रदूषित हुँदै छ । यसको क्षतिपूर्ति उनीहरूले नेपालीलाई दिनु पर्छ । नेपाल सरकारलाई मात्र हैन । नेपालीलाई दिनु पर्छ । जहाँ जङ्गल र वन्यजन्तुको कारण नेपालीले दुःख पाएका छन् । तिनलाई रोजगारी र क्षतिपूर्ति विश्व समुदायले निसर्त दिनु पर्ने गरिनु पर्छ । यही कुरालाई शूत्रबद्ध रूपमा संघीय संसद्मा पनि रेकर्ड गराइएको छ । यसका लागि नेपाल सरकारले छिटो र प्रभावकारी कदम चाल्नु पर्छ ।

अहिले संसद्मा सार्वजनिक यातायातको विषयमा पनि विधेयक विचाराधीन छ । सरकारले पनि यसको प्राधिकरण नै बनाउने घोषणा बजेटमार्फत गरेको छ । सार्वजनिक यातायात व्यवस्थित गर्न सडक चौडा त हुनु पर्छ । यसको साथ साथै फुटपाथ चौडा र सफा हुन जरुरी छ । मोटर सडक जति चिल्लो हुन्छ त्यो भन्दा कम फुटपाथ (पैदल मार्ग) हुनु हुँदैन । यो सामान्य मानवीय कुरा हो । मोटरमा हिँड्नेलाई सडक बनाउने । पैदलयात्रीलाई पनि सोही मोटर हिँड्ने सडकमा हिँड भनेमा सार्वजनिक यातायात व्यवस्थित हुनै सक्दैन । दुर्घटना हुन्छ । अस्तव्यस्त सडक बन्न जान्छ । अकालमा मान्छेको मृत्यु हुन्छ । सरकारले मान्छेलाई धराप थापे जस्तो हुन्छ । यही कुरा सदनमा शूत्रबद्ध रूपमा राखियो । त्यसमा सरकार खास गरी स्थानीय सरकारले ध्यान दिनुपर्ने हो ।

नेपालमा विद्युतीय मोटर र साइकललाई प्राथमिकता दिनुपर्ने हो । किनकि हामीले देशको पैसा धेरै पेट्रोलियम पदार्थमा खर्चेका छौँ । यो घटाउने एक मात्र उपाय यही हो । सो पैसाले साइकल मार्ग बनाउने हो । साइकल यात्राले धेरै प्रकारको फाइदा मुलुकलाई हुन्छ । सहरभित्र गल्लीभित्र यसको उपादेयता बढी छ । हाम्रा बनेका सडकमा साइकल मार्ग नै छैन । मोटरसाइकल उपयुक्त होइन खास गरी काठमाडौँ सहरमा । बढ्दो स्कुटर, मोटर साइकल, साना गाडी जीवन र वातावरणमा खतरा र सहर कुरूप बन्दै छ । फुटपाथमा पसल ? यो कस्तो नकच्चरो काम हो ? यति पनि व्यवस्थित गर्न नसक्ने कस्तो हो स्थानीय सरकार ? के यसमा सुधार गर्न सकिँदैन ?

# बहुदलीय व्यवस्थाको शुद्धीकरण



डा. सुमनकुमार रेग्मी



परापूर्वकालदेखि नेपाल निरकुंश एकतान्त्रिक सामन्ति प्रणालीबाट चल्दै आएको थियो। एक्काइसौं शताब्दीमा पनि सोही प्रणाली अवलम्बन गरी राज्यव्यवस्था सञ्चालन गर्नुलाई अदूरदर्शी नीतिका उपज मानियो। लोकतान्त्रिक संघीय व्यवस्था र राष्ट्रपति व्यवस्था स्थापना हुनुलाई पनि यसैको उपजका रूपमा बुझ्न सकिन्छ। दुई ठूला देशबीचमा रहेर आफ्नो अस्तित्वमा सतर्क रहनसमेत कठिन सम्भावनाबाट बच्न सीमातिरबाट हुने नेपालको भौगोलिक सीमा अतिक्रमणले सोच्न बाध्य पारेको छ। राजनीतिक तरलतालाई अवसर पारेर सीमा स्तम्भहरूका व्यवस्थापन नेपालीका बाध्यतात्मक परिस्थिति फाइदा अरूले लिएको देखिन्छ।

देशमा राष्ट्रपति तथा अन्य उच्च पदहरू स्थापित भएको र देशले नयाँ काँचुली र विकासका रेखाहरू कोर्न मद्दत पुग्ने आशा उत्पन्न भएको छ वा छैन ? राज्य सञ्चालनका लागि मिश्रित साम्यवाद चुनावबाट जनस्वीकृति प्राप्त भएको छ। यसका लागि चीनलगायत अन्य देशले छोटो अवधिमा गरेको विकासलाई आधार मानी अघि बढ्न सकिन्छ।

तर, देशमा स्थायित्व र शान्ति नभई उद्योगतिर धकेल्दै जाने सम्भावना कम भएको छ। जन्मदै ८३ हजारभन्दा बढी ऋण बोकेर जन्मने नेपाली गरिबी र अशिक्षामा रुमल्ली रहेको अवस्था विद्यमान छ। नेपालमा गणतन्त्र स्थापना हुनेबित्तिकै सेवा विकासका पूर्वाधारहरू एकैचोटी समाधान गर्न बजेट र समाधानका लागि सडकमा ओर्लने काम व्याप्त रूपमा बारम्बार गरिन्छ। तर, देशको संविधान २०७२ आएको नौ वर्ष बितिसकेको छ।

देशमा देखापरेको कालो बजारसहित भ्रष्टाचार दिन दुई गुणा रात चौगुणा मूल्यदृद्धि गराएर रातारात अर्बपति हुने र मौकाको फाइदा लिनेहरूको पनि कमी छैन। विकृति नियन्त्रण गर्न जनताले सरकारलाई दबाब दिएको देखिँदैन। यस्तो अवस्थाबाट कर्मचारीतन्त्र पनि अछुतो छैन। नेपालमा बनेका कुनै सरकारले धनी र गरिबीचको खाल्डो कम गर्न प्रयाससम्म गरेनन्। फलस्वरूप गरिबी झन्-झन् बढ्न गयो। अब २०८४ मा त तेस्रो चुनाव आउने छ।

दोस्रो चुनावपछि सरकार पनि पटक-पटक बनिसके। बहुदलीय व्यवस्थामा कुनै पनि क्षेत्रकाले पाएको अख्तियार दुरुपयोग गर्नेलाई सख्त कारबाही गर्ने निकाय सशक्त हुनुपर्थ्यो र हुनुपर्छ। देशभित्रका बिकृति समस्या नबनाइकन देशभित्रकाले समाधान गर्ने परिपाटी बनाइनुपर्छ। अब आउँदा वर्षहरूमा नेपालका पार्टीहरूका नेता-कार्यकर्ताहरूले देशमा भएका विकृतिप्रति पश्चाताप गर्ने समयावधि हो। बहुदलीय व्यवस्थामा भएका विकृति भविष्यमा दोहोरिन नदिनु चुनाव नै परीक्षाको घडी हुन सक्छ।

संघीय गणतान्त्रिक बहुदलीय व्यवस्था नै एक दलीय निरकुंश व्यवस्थाभन्दा विरोधी पक्षका र सरकारका विभिन्न पक्षका विकृति र राम्रा पक्षका विकृत एवं तथ्यांक पारदर्शी भई बाहिर देखापर्छ। तर, एक पक्षीय सरकारको व्यवहार त्यस्तो रहँदैन। कुनै पनि देशमा पुँजीवादी पार्टीहरूबीच बहुदलीय शासन प्रणालीमा प्रतिस्पर्धा हुन जान्छ। साम्यवादी पार्टी पनि जनताको मन जितेको खण्डमा चुनाव जितेर सत्तामा आउने आउन सक्छन्। जुन नेपालको उदाहरण नमुना बन्न गएको छ।

नेपालमा बहुदल स्थापित भएको सात वर्षपछि सबै पार्टीलाई टुटाउने-फुटाउने प्र्रयास सुरु भएको थियो। सिफारिसले पञ्चायत चल्यो। पार्टीभित्र सिफारिसले चलाउन खोजियो। फलस्वरूप अधिकांश पार्टीहरू टुक्रिए। ३० वर्ष शासन गर्ने पञ्चायती विचारधाराका राप्रपामार्फत राजनीति गर्न थाले। पूर्वसामन्तीहरू पनि यिनै पार्टीमार्फत अब सक्रिय राजनीति गर्न खोज्दै छन्। पञ्चायत फाल्ने कांग्रेस र कम्युनिस्ट पार्टीहरूको जन्म ३० वर्षे शासन प्रणाली अगाडि नै भएको थियो।

एक सय चार वर्ष शासन गरेका राणा शासन फाल्न कांग्रेस र कम्युनिस्ट पार्टीहरू पहिलेदेखि नै बिना संगठन भूमिगत रूपमा संघर्षमा थिए। तराईका पार्टी जसपामा, नेसपा सीमित भए। अब दोस्रो चुनावपछि त तराई केन्द्रित पार्टीहरूमा जनता समाजवादी पार्टी, नागरिक जनमुक्ति पार्टी, जनमत पार्टी, स्वतन्त्र पार्टी आदि सात पार्टी भए। २०७९ को चुनावको निर्वाचित पार्टीहरूमा कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, स्वतन्त्र, राष्ट्रिय स्वतन्त्र दल, जनमत दल, लोसपा, जसपा र राप्रपा सात पार्टी संसद्मा छन्।

अब संघीय गणतान्त्रिक बहुदलीय शासन प्रणालीलाई सशक्त पार्न देशमा जनअनुमोदित संविधान निर्माण गरिएको छ। बहुदलीय व्यवस्था झन् सुदृढ बन्न जान्छ। यस्तो अवस्थामा पुँजीवादी व्यक्तिद्वारा प्रतिनिधिसभा सशक्त बन्न सक्छ। बहुदलीय व्यवस्थाले अन्य देशमा जति लोकप्रिय कमाउन सकेको छ। सबै पार्टीहरू मिलेर भ्रष्टाचारको विरोध कार्यक्रम गरी पार्टी नेता-कार्यकर्तालाई पश्चातापको भुमरीमा पार्नु नै पार्टी सुदृढीकरणको उपाय हो। बहुदलीय शासन नै बेलायतमा दुई-तीन सय वर्ष अघिदेखि चलिआएको छ। बेलायतमा पनि दुई-तीन सय वर्षअघि सुरु भएको बहुदलीय व्यवस्थाको पहिलो प्रधानमन्त्रीको काम पछिल्ला प्रधानमन्त्रीका भन्दा गए गुज्रेको थियो। तै पनि आजसम्म बेलायतमा बहुदलीय शासन प्रणाली कायम छ।

नेपालमा बहुदलीय व्यवस्था उपयुक्त ठानिए पनि तोडमोड भएको छ। पार्टीभित्र प्रजातन्त्र देखिँदैन। २०८० मा दोस्रो आम चुनावको चुनावी सरकारको रूपमा कांग्रेस, जसपा, माओवादी केन्द्र संयुक्त भई बहुमतको पहिलो सरकार बन्यो। त्यसपछि सात दलका चुनावी संसदीय दलका पार्टीका माओवादीका केन्द्रका गठबन्धनको सरकार भएको छ। अब दोस्रो स्थानीय र आमचुनाव सकिएको करिब २ वर्ष भएको छ। नेपालमा उच्च मध्यम स्तरका र उनीहरू नजदिकका मानिस कांग्रेस पार्टीमा, पञ्चायतका लागेका राप्रपामा र बाँकी बिभिन्न पार्टीहरूमा तितर बितर भई संलग्न छन्भन्दा फरक नपर्ला। नेपालमा पाँच-पाँच वर्षमा हुने आमचुनाव संविधान २०७२ पश्चात्को दोस्रो आमचुनाव सम्पन्न भएको २ वर्ष भएको छ। कुनै देशमा बहुदलीय व्यवस्था नभएमा विपक्षी नेतालाई जेलमा लगेर राख्नेबाहेक अर्को बिकल्प हुँदैन तर बहुदलीय व्यवस्थामा विपक्षी नेता सडकमा हिँड्ने वा विरोध गर्ने कार्य गर्छ।

नेपालमा विभिन्न समयमा सत्ता शासन गर्ने वर्ग व्यवस्था नै बहुदलपछिका पार्टीका रूपमा सञ्चालित छन्। जस्तो कांग्रेस, नेकपा एमाले, नेकपा केन्द्र, नेकपा समाजवादी, स्वतन्त्र पार्टी, जसपा, जनमत पार्टी, नागरिक उनमुक्ति पार्टी, रास्पा, फोरम, सद्भावनापछिका टुटफुट पार्टीसहित माले, नेमकिपा, मोर्चा, जसपा आदि। दोस्रो आमचुनावमा आएका संसदीय प्रतिनिधिसभाका पार्टीहरूमा कांग्रेस, एमाले, माओवादी केन्द्र, स्वतन्त्र पार्टी, जनमत पार्टी, उन्मुक्ति पार्टी र जसपा पार्टीहरू आएका छन्।

सीपमूलक स्वयम् सीपयुक्त मानिसको पहिचान गरी परिचालन गर्ने शासन व्यवस्था नै उपयुक्त शासन व्यवस्था भएको अवस्था हो। यसमा भ्रष्टाचारलाई सामाजिक मान्यता पनि हुँदैन। भ्रष्टाचारलाई कारबाही हुन्छ। ठग्नु, चोर्नु, ढाटनु, अनैतिक हुनु, भ्रष्टाचारी हुनु, आँखा छल्नु, पश्चिमी खुल्ला दृश्य समाजमा स्विकार्नु आदि आदि बिकृति कारबाही नभएको अवस्था हो।

# जीपी फाउण्डेशन गठन



दमक(प्रस) । झापाको दमकमा सम्पन्न कांग्रेस कार्यकर्ताको भेलाले गिरिजाप्रसाद कोईराला फाउण्डेशन गठन गरेको छ । गठित समितिको पदस्थापन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
यज्ञप्रसाद भट्टराईको संयोजकत्वमा गठित समितिको उपसंयोजकमा हरिप्रसाद अर्याल र शेखर ढकाल, सचिवमा विश्वबन्धु लिङ्देन र तेजप्रसाद आचार्य, सहसचिवमा मनिशा खत्री अधिकारी र चुडामणी भट्टराई, कोषाध्यक्षमा हेमकला न्यौपाने रहेका छन् ।
समितिको सदस्यहरुमा लता चापागाई, कमलप्रसाद बोहोरा, पुजन चौधरी, दिपेश भट्टराई, छबिलाल न्यौपाने, कमला बाँस्कोटा दाहाल, कुमार कट्टेल, ठाकुरहरि पोखरेल, फणिन्द्र गड्तौला, कबिता उप्रेती, हुमेश खतिवडा, अर्जुन शाहलाई मनोनयन गरिएको फाउण्डेशनले जनाएको छ ।
नेपाली कांग्रेस झापाका पूर्व जिल्ला कार्यसमिति सचिब दयानन्द गोश्वामीको संयोजकत्वमा नेपाल किसान महासंघका पूर्व केन्द्रीय सदस्य गोपाल भण्डारी र शिक्षाविद् केशव भट्टराई सम्मिलित तीन सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको फाउण्डेशन झापाले जनाएको छ ।यसैबीच निर्वाचित समितिलाई पदस्थापन एवं विचार गोष्ठी सम्पन्न भएको छ । नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विशेष अतिथि संविधानसभा सदस्य एवं नेपाल लोकतन्त्रवादी आदिबासी/जनजाति महासंघका केन्द्रीय उपाध्यक्ष विश्वदीप लिङ्देन, नेपाल किसान महासंघ कोशी प्रदेश अध्यक्ष राजेन्द्र भट्टराई, कोशी प्रदेश सदस्य तथा महाधिबेशन प्रतिनिधि चन्द्रा खड्का भट्टराई, गिरिजाप्रसाद कोईराला फाउण्डेशन सुनसरीका संयोजक केशव भट्टराईलगायतले मन्तब्य राखेका थिए ।

# ब्राउनसुगर र गाँजासहित ६ जना पक्राउ

झापा(प्रस) । झापा, मोरङ र सुनसरीको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागूऔषध ब्राउनसुगर र गाँजासहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।शनिवार राति १० बजे बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बाघखोरबाट खटिएको प्रहरी टोलीले झापाको दमक नगरपालिका-३ बेलडाँगी शिविरका २७ बर्षिय बिक्रम राईलाई घरमा लुकाई छिपाई राखेको १ ग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको छ ।
त्यस्तै शनिवार बिहान साढे ४ बजे बिशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट बिष्णुपादुका सुनसरीबाट खटिएको प्रहरी टोलीले धरान-२० भञ्ज्याङ छेउबाट बागमती प्रदेश -०१-०२६ च ५०१९ नम्बरको कार र को २७ प ४८४७ नम्बरको मोटरसाइकलमा सवार इटहरी उप-महानगरपालिका-१० का ४० बर्षीय रामकुमार चौधरी र इटहरी-११ का ३६ बर्षीय मोहन कार्कीलाई १२ किलोग्राम गाँजासहित नियन्त्रणमा लिएको छ ।
यसैगरी मोरङको केराबारी-८ कदम खोलाको पुलबाट केराबारी-७ का १९ बर्षीय साजन लिम्बू, केराबारी-१ का २२ बर्षीय गोबिन राई, धनकुटा चौबिसे गाउँपालिका-५ का ३१ बर्षीय शक्ति लिम्बूलाई १ ग्राम ९२० मिलिग्राम ब्राउनसुगर र लागूऔषध ओसार पसारमा प्रयोग गरेको को २५ प ५९४५ नम्बरको मोटरसाइकलसहित इलाका प्रहरी कार्यालय बेलबारीले नियन्त्रणमा लिएको छ । अबैध लागूऔषधसहित पक्राउ परेका सबै जनाको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पौडी खेल्ने क्रममा डुबेर बालकको मृत्यु



झापा(प्रस) । मोरङको सुनवर्षीमा पौडी खेल्ने क्रममा डुबेर एक बालकको मृत्यु भएको छ । आइतवार मध्यान्ह १२ बजे सुनवर्षी नगरपालिका ७ सुकुम्बासी टोल बस्ने श्री कुमार ऋषिदेवका ९ वर्षीय छोरा अमन ऋषिदेवको स्थानीय मरिया खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको हो । मृतकको शवलाई इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमको लागि कोशी अस्पताल पठाएको जनाइएको छ ।

# युवा संघद्वारा लक्ष्मीनारायण माविको मैदानमा वृक्षरोपण


धरमपुर(प्रस) । नेकपा एमालेको भ्रातृ संगठन राष्ट्रिय युवा संघ नेपालले एक महिने वृक्षरोपण अभियान जारी राखेको छ ।
यसक्रममा शिवसताक्षी नगरपालिकाको यसअघि रुद्राक्षको बिरुवा रोपेर अभियानको सुरुवात गरेका थिए । देशका ७५३ वटै पालिकामा यो अभियान जारी छ ।
असार १४ देखि शुरु भएको यो गर्नुपर्ने छ । लक्ष्मीनारायण माध्यमिक विद्यालयको परिसरमा करिव २ सय ५० बोटबिरुवा रोपिएको आयोजक राष्ट्रिय युवा संघ शिवसताक्षीले जनाएको छ । कार्यक्रममा नेकपा एमाले कोशी



वडा नम्बर १ को लक्ष्मीनारायण माध्यमिक विद्यालयको मैदानमा वृक्षरोपण गरेको छ । राष्ट्रिय युवा संघ नेपाल शिवसताक्षी नगर कमिटीको आयोजनामा लक्ष्मीनारायण माध्यमिक विद्यालयको प्रांगणमा फूल र छाँयादार फलफूलसहित रुखका बिरुवा रोपिएको राष्ट्रिय युवा संघ नेपालका शिवसताक्षी नगर कमिटीका सह-इन्चार्ज पूर्ण चेम्जोङले बताए ।
'संरक्षण प्रकृतिको सुरक्षा सन्ततिको' नारासहित शुरु गरिएको अभियान एक महिनासम्म चल्ने राष्ट्रिय युवा संघ झापाका संयोजक फुर्वा लामाले बताए । उनका अनुसार नेकपा एमालेका अध्यक्ष केपी ओलीले अभियान साउन १४ गतेसम्म सञ्चालन गरिने राष्ट्रिय यूवा संघ नेपालकी सचिवालय सदस्य तथा स्थायी कमिटी सदस्य निशा लिम्बूले बताइन् । उनले यो अभियानबाट जलवायु परिवर्तनबाट उब्जिएका समस्याको केही हदसम्म निराकरण हुने विश्वास गरिन् ।
कार्यक्रमकी प्रमुख अतिथिसमेत रहेकी लिम्बूले मुलुकका ७ सय ५३ स्थानीय तहमा यो अभियान सञ्चालन भइरहेको र करिब तीन लाख बोटबिरुवा रोप्ने लक्ष्य राष्ट्रिय युवा संघले लिएको जानकारी दिइन् ।
उनका अनुसार राष्ट्रिय युवा संघका एक सदस्यले कम्तिमा पाँचवटा बिरुवा रोप्नुपर्ने र त्यसको संरक्षण पनि प्रदेश कमिटी सदस्य भरत इन्दिरा राई, जिल्ला सदस्य धनवहादुर थेवे, शिवसताक्षी नगर अध्यक्ष मेदनी दंगाल, सचिव लक्ष्मी गुरागाईं, युवा नेता जितेन्द्र शाहा, लक्ष्मीनारायण माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भिमवहादुर खवास, प्रधानाध्यापक खगेन्द्र लम्जेललगायतको सहभागिता थियो । कार्यक्रम राष्ट्रिय युवा संघ झापाका सदस्यसमेत रहका संघका शिवसताक्षी नगर सह-इन्चार्ज पूर्ण चेम्जोङको अध्यक्षता र सचिव सागर राईको सहजीकरणमा भएको थियो ।
कार्यक्रममा स्वागत पार्टीका वडा कमिटी अध्यक्षसमेत रहेका संघका सहसचिव अर्जुन राईले गरेका थिए ।

# देशभर १५ सय ५७ जनामा डेंगु संक्रमण

झापा(प्रस) । पछिल्लो समय देशभर लगातार पानी परिरहेकाले डेंगु सङ्क्रमण बढ्दै गएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार छ सय ५७ जनामा डेंगुको सङ्क्रमण देखिएको छ ।
यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन अवस्था अनुकूल बन्नसक्ने र डेंगुको सङ्क्रमण पनि बढ्नसक्ने आँकलन गरिएको उनले बताए । उनले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेंगुको सङ्क्रमण फैलिएको जानकारी दिए ।
सबैभन्दा बढी काठमाडौं जिल्लामा एक सय ९६ जनामा डेंगु देखिएको छ । त्यसपछि झापामा एक सय २८ र चितवनमा ९२ जनामा सङ्क्रमण देखिएको डा दाहालले बताए । वर्षाकाबेला पानी सङ्कलन गरेर राख्ने,




सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भन्दै त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको उनले उल्लेख गरे ।
उपत्यकामा २५५ जनामा सङ्क्रमण
उपत्यकामा दुई सय ५५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । काठमाडौंमा एक सय ९६, भक्तपुरमा ३५ र ललितपुरमा २४ जनामा देखिएको हो । "पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्दछ", रोग शाखाका प्रमुख डा. दाहालले भने । डेंगु सङ्क्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउन उनले आग्रह गरे ।
डेंगुबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेकाले आफ्नो घर वरिपरि तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकैबेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता कुरामा ध्यान दिनुपर्दछ । सङ्क्रमितलाई कसरी हेरचाह गर्ने सङ्क्रमितलाई झुलभित्र मात्र आराम गराउने वा सुताउने, सङ्क्रमितको हेरचाहमा खटिँदा पूराबाहुला भएको लुगा लगाउने, लामखुट्टे धूप, कोइला व लिक्विड बाल्ने, घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकाम जाली लगाउने र घर वरपर पानी जम्न नदिनेजस्ता उपाय अपनाउनु डा दाहालले जानकारी दिए ।
लक्षणहरु उच्च ज्वरो आउने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, आँखाको गेडी बेस्सरी दुख्नु, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु तथा बान्ता हुनुजस्ता लक्षण देखा पर्दछन् । एक्कासी उच्च ज्वरो आउने, बान्तामा रगत देखापर्ने, नाक वा गिँजाबाट रगत, रक्तश्राव धेरै पेट दुखाइ, श्वासप्रश्वासमा समस्या र बेहोस हुनेजस्ता लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जान मन्त्रालयले अनुरोध गरेको छ ।

# दुई सय केजी गाँजासहित एक व्यक्ति पक्राउ

झापा(प्रस) । कोशी प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समूह पीआइटीबाट खटिएको प्रहरी टोलीले ठूलो परिमाणको लागूऔषध गाँजासहित एकजनालाई नियन्त्रणमा लिएको छ ।
बिशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले आइतवार बिहान पौने ५ बजे सुनसरीको इटहरी उप-महानगरपालिका-१ बाट बा १५ प ७१४ नम्बरको कारमा धरानबाट विराटनगरतर्फ लुकाई छिपाई ल्याउँदै गरेको ८ वटा पोकामा रहेको २०० किलोग्राम तयारी गाँजासहित कार चालक धनकुटाको साँगुरीगढी गाउँपालिका-८ का ३४ बर्षीय दर्शन राईलाई पक्राउ गरेको हो । बरामद गाँजासहित पक्राउ राईको सम्बन्धमा इलाका प्रहरी कार्यालय इटहरीबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।



बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने